नालकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

## करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८०।०४।२६)

यस नगरपालिकामा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन परियोजना(सामी)का तपसिल बमोजिम संख्यामा देहायको योग्यता भएका जनशक्ति खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. करार सेवामा आवश्यक जनशक्ति विवरण र योग्यताः

| विज्ञापन नं. | पद तह | माग संख्या | दरखास्त दस्तुर | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| ४-०८०।०८१ | रिटर्नी स्वयंसेवक | १ | रु. २००।- | १. कम्तिमा कक्षा १० वा सो सरह उर्तिण।<br>२. वैदेशिक रोजगारमा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>३. १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |
| ५-०८०।०८१ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता, पाँचौं सरह | १ | रु. ५००।- | १. कम्तिमा मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरह उत्तीर्ण।<br>२. १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ।<br>३. परामर्श वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको अनुभव भएको,<br>४. सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकालाई प्राथमिकता दिईनेछ |

२ **दरखास्त फाराम पाईने तथा बुझाउने स्थानः** नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ

३ **दरखास्त दिने अन्तिम मितिः** २०८०।०५।०८ गतेसम्म कार्यालय समय भित्र

४ **छनौटको किसिम/आधारः** लिखित परीक्षा र अन्तर्वार्ता। लिखित परीक्षा ५० पूर्णाङ्कको हुने। यसै सूचना साथ संलग्न पाठ्यक्रम अनुसार हुने।

५ **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः** नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, तालिमको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।

६ **लिखित तथा अन्तर्वार्ता मितिः** पछि सूचना गरिने।

७ **शर्त तथा मापदण्डः** करार सेवाको लागि प्रचलित कानूनद्धारा अयोग्य नठहरेको हुनुपर्ने ।

८ **पारिश्रमिकः** रिटर्नी स्वयंसेवकको मासिक रु. १५,०००।–र आप्रवासी स्रोत केन्द्र परामर्शकर्ताको सहायक पाँचौको सुरु तलवस्केल सरह हुने।

९ यो सूचना अनुसार दरखास्त तथा सेवा करार स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत